# सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६

प्रमाणीकरण मिति

२०७७।३।१६

प्रस्तावना : प्रदेशमा खेलकूद, खेल संस्कृतिको विकास, खेलकूद पूर्वाधार निर्माण, खेलाडीहरुको व्यावसायिक सुरक्षा, प्रदेश, अन्तर प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने प्रतियोगितामा सहभागिता तथा खेलकूद क्षेत्रको समग्र विकास गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले दफा ३ बमोजिम गठित प्रदेश खेलकूद परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(ख) "खेलकूद सम्बन्धी संस्था" भन्नाले दफा १३ बमोजिमको परिषद्मा दर्ता भएको संस्था सम्झनु पर्छ ।

(ग) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "परिषद्" भन्नाले दफा ३ बमोजिम गठन भएको प्रदेश खेलकूद परिषद् सम्झनु पर्छ ।

(ङ) "प्रतिष्ठान" भन्नाले दफा २९ बमोजिम स्थापना भएको प्रदेश खेलकूद प्रशिक्षण प्रतिष्ठान सम्झनु पर्छ ।

(च) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(ज) "सदस्य" भन्नाले दफा ३ बमोजिमको परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ ।

(झ) "सदस्य-सचिव" भन्नाले दफा ३ बमोजिम गठित प्रदेश खेलकूद परिषद्को सदस्य-सचिव सम्झनु पर्छ ।

(ञ) "समिति" भन्नाले दफा १२ बमोजिम गठन भएको जिल्ला खेलकूद समिति सम्झनु पर्छ र सो शब्दले स्थानीय तहमा गठन हुने खेलकूद समितिलाई समेत जनाउँछ ।

३. परिषद्को गठन : (१) प्रदेशमा खेलकूदको विकास गर्नको लागि प्रदेश खेलकूद परिषद् गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने परिषद्मा देहायका सदस्यहरु रहनेछन् :-

(क) सामाजिक विकास मन्त्री वा राज्यमन्त्री वा सहायक मन्त्री – अध्यक्ष

(ख) सदस्य, प्रदेश नीति तथा योजना आयोग (खेलकूद हेर्ने) – सदस्य

(ग) प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय –सदस्य

(घ) नेपाली सेना, प्रदेश प्रहरी र सशस्त्र प्रहरी बलका प्रदेशस्तरीय कार्यालय प्रमुख – सदस्य

(ङ) राष्ट्रियस्तरमा खेलकूदको क्षेत्रमा खेलाडी वा रेफ्री वा प्रशिक्षक वा व्यवस्थापक भई कम्तीमा दश वर्ष काम गरेका व्यक्तिमध्ये एकजना महिलासहित प्रदेश सरकारले मनोनीत गरेका तीनजना – सदस्य

(च) खेलकूदको क्षेत्रमा अध्ययन, अनुसन्धान, प्रवर्द्धनात्मक कार्य गरेका खेलकूद विज्ञ मध्येबाट मन्त्रालयले मनोनीत गरेका कम्तीमा एकजना महिलासहित तीनजना – सदस्य

(छ) प्रदेशस्तरमा रहेका खेलकूद सम्बन्धी दर्ता भएका संघ, संस्थाहरुबाट मन्त्रालयले मनोनीत गरेका कम्तीमा एकजना महिलासहित तीनजना –सदस्य

(ज) फरक क्षमता भएका खेलाडी मध्येबाट मन्त्रालयले मनोनीत गरेका एकजना – सदस्य

(झ) राष्ट्रिय खेलकूद परिषद्बाट मान्यता प्राप्त गरी राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा सुदूरपश्चिम प्रदेशको प्रतिनिधित्व गरी पदक प्राप्त गर्ने खेलाडी मध्येबाट मन्त्रालयले मनोनीत गरेका एकजना –सदस्य

(ञ) अध्यक्षको सिफारिसमा प्रदेश सरकारले नियुक्त गरेको व्यक्ति – सदस्य-सचिव

(३) खण्ड (ङ) देखि (झ) सम्मका सदस्य मनोनीत गर्दा प्रदेशको भौगोलिक, सामानुपातिक र समावेशी प्रतिनिधित्व हुने गरी मनोनीत गर्नु पर्नेछ ।

(४) परिषद् अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(५) परिषद्को सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(६) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न सक्नेछ ।

तर बेचविखन गर्दा प्रदेश सरकार (मन्त्रिपरिषद्) को पूर्व स्वीकृति लिनु पर्नेछ ।

(७) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट उजूर गर्न, प्रतिरक्षा गर्न सक्नेछ र परिषद् उपर पनि सोही नामबाट व्यक्ति सरह उजूर लाग्न सक्नेछ ।

(८) परिषद्को मुख्य कार्यालय प्रदेश राजधानीमा रहनेछ ।

४. <u>पदावधि</u> : (१) दफा ३ को उपदफा (२) को खण्ड (ङ) देखि (झ) सम्मका मनोनीत वा नियुक्त हुने सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।

(२) दफा ३ को उपदफा (२) बमोजिमको कुनै सदस्यको पद रिक्त भएमा सोही बमोजिम पदपूर्ति गरिनेछ ।

(३) दफा ३ को उपदफा (२) को खण्ड (ङ) देखि (झ) सम्मका मनोनीत वा नियुक्त हुने सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा मनोनीत वा नियुक्त गर्ने निकायले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदमुक्त गर्न सक्नेछ ।

तर त्यसरी पदमुक्त गर्दा सम्बन्धित सदस्यलाई सफाईको उचित मौका दिनु पर्नेछ ।

५. सदस्यको अयोग्यता : देहायको कुनै पनि व्यक्ति सदस्यमा मनोनीत हुन वा बहाल रहन सक्ने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख) सरकारी वा गैर सरकारी संघ संस्थामा वहालवाला कर्मचारी,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएका,

(घ) पच्चीस वर्ष उमेर पूरा नभएको,

(ङ) दामासाहीमा परेको व्यक्ति ।

६. सदस्यता समाप्त हुने अवस्था : देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः-

(क) दफा ५ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) राजीनामा गरेमा,

(ग) मृत्यु भएमा,

(घ) सूचना नदिई लगातार तीन पटक भन्दा बढी परिषद्को बैठकमा अनुपस्थित भएमा,

(ङ) दफा ४ को उपदफा (३) बमोजिम मनोनीत वा नियुक्त गर्ने निकायले हटाएमा,

(च) अन्यत्र कुनै लाभको पदमा नियुक्त भएमा ।

७. परिषद्को बैठक र निर्णय : (१) अध्यक्षको निर्देशन अनुसार सदस्य-सचिवले मिति, समय र स्थान तोकी परिषद्को बैठक बोलाउनु पर्नेछ ।

(२) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) परिषद्को कूल सदस्य संख्याको एकाउन्न प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ ।

(५) एक तिहाई सदस्यले कारण र औचित्य सहित बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले पन्ध्र दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(७) सदस्य-सचिवले बैठकको निर्णय प्रमाणित गर्नु पर्नेछ ।

(८) बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ र बैठकको कार्यसूची परिषद्का सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

८. परिषद्को काम, कर्तव्य र अधिकार : दफा ३ बमोजिम गठन भएको परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रदेश सरकारलाई खेलकूद सम्बन्धी नीति तथा कार्यक्रमको विषयमा सुझाव दिने,

(ख) प्रदेश, अन्तरप्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकूद प्रतियोगिता आयोजना गर्ने,

(ग) प्रदेश, अन्तरप्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी तथा आवश्यकता अनुसार अन्य सदस्यलाई पठाउने,

(घ) खेलकूद सम्बन्धी दर्ता भएका संघ, संस्थाहरुलाई सहयोग प्रदान गर्ने वा त्यस्तो सहयोगको लागि मन्त्रालयलाई सिफारिस गर्ने,

(ङ) खेलकूदको विकास, प्रवर्द्धन, अनुसन्धान, अध्ययन, तालीम लगायतका कार्य गर्ने गराउने,

(च) खेलकूद सम्बन्धी भौतिक संरचनाको निर्माण, सञ्चालन, संरक्षण तथा रेखदेख गर्ने गराउने,

(छ) प्रतिष्ठान तथा शिक्षण संस्थामा खेलकूद प्रशिक्षण लगायतका कार्य गर्ने गराउने,

(ज) खेलकूद सम्बन्धी संघसंस्थाको नियमन गर्ने,

(झ) स्वदेशी तथा विदेशी प्रशिक्षकबाट प्रशिक्षणको व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी विदेशमा समेत तालीम लिन पठाउने,

(ञ) खेलाडीहरुलाई आर्थिक सहायता तथा खेलवृत्ति प्रदान गर्नको लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ट) खेलाडीको स्वास्थ्यको संरक्षण गर्नको लागि स्वास्थ्य बिमा लगायत आवश्यक व्यवस्था गर्ने र खेलकूद खेल्ने क्रममा अपाङ्गता भएका खेलाडीहरुलाई विशेष प्राथमिकता दिनुपर्ने,

(ठ) फरक क्षमता भएका व्यक्तिको खेलकूदको विकास गर्न तालीम तथा प्रतियोगिता सञ्चालनको व्यवस्था गर्ने गराउने,

(ड) खेलकूद संग्रहालय स्थापना गर्ने,

(ढ) खेलकूद विकासको लागि गोष्ठी, सेमिनार आयोजना गर्ने,

(ण) खेलकूद पर्यटनको विकास गर्ने,

(त) परम्परागत खेलकूदको संरक्षण र प्रवर्द्धन गर्ने,

(थ) प्रदेशको खेलकूद विकासका लागि प्राथमिकीकरण गर्ने,

(द) खेलाडीको अभिलेख राख्ने,

(ध) अध्यक्षले परिषद्को वार्षिक प्रतिवेदन मुख्यमन्त्री समक्ष पेश गर्ने,

(न) खेलकूदको विकासको लागि अन्य आवश्यक व्यवस्था गर्ने गराउने र

(प) सुदूरपश्चिम प्रदेशका प्रदेश, अन्तरप्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय पदक प्राप्त खेलाडीहरुलाई सम्मान र उचित पुरष्कारको लागि सिफारिस गर्ने ।

९. सदस्य-सचिवको नियुक्ति, योग्यता, पारिश्रमिक, सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्था : (१) देहाय बमोजिमको योग्यता पुगेको व्यक्तिलाई अध्यक्षको सिफारिसमा प्रदेश सरकारले सदस्य-सचिवमा नियुक्ति गर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) खेलकूदको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको,

(ग) तीस वर्ष उमेर पूरा भई पचपन्न वर्ष ननाघेको,

(घ) नैतिक पतन देखिने फौजदारी कसूरदार ठहर नभएको,

(ङ) स्वच्छ छवि भएको,

(२) सदस्य सचिवले परिषद्मा पूरा समय काम गरे बापत तोकिए बमोजिमको पारिश्रमिक पाउनेछ ।

१०. सदस्य-सचिवको काम, कर्तव्य र अधिकार : सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने गराउने,

(ख) परिषद्को खेलकूद सम्बन्धमा नीति निर्धारण गर्ने कार्यमा सहयोग गर्ने,

(ग) परिषद्को बैठकको निर्णय प्रमाणित एवं कार्यान्वयन गर्ने, गराउने,

(घ) परिषद्बाट स्वीकृत खेलकूद सम्बन्धी नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(ङ) वार्षिक योजना, कार्यक्रम तथा बजेट तयार गरी परिषद् समक्ष पेश गर्ने,

(च) वार्षिक प्रतिवेदन तयार गरी परिषद् समक्ष पेश गर्ने,

(छ) परिषद्ले तोकेको अन्य कार्य गर्ने, गराउने ।

११. पद रिक्त हुने अवस्था : देहायको अवस्थामा सदस्य-सचिव र मनोनीत सदस्यको पद रिक्त भएको मानिनेछ :-

(क) राजीनामा स्वीकृत भएमा,

(ख) मनोनीत वा नियुक्त गर्ने निकायले हटाएमा,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरेमा,

(घ) मृत्यु भएमा ।

१२. जिल्ला खेलकूद समिति : (१) परिषद्को मातहतमा तोकिए बमोजिमका जिल्ला खेलकूद समिति र स्थानीय तह स्तरीय खेलकूद समिति रहनेछन् ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिको संरचना, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१३. खेलकूद सम्बन्धी संस्थाको दर्ता : (१) खेलकूद सम्बन्धी क्रियाकलाप आयोजना गर्ने क्लव, संघ वा संस्थाको दर्ता परिषद्मा हुनेछ ।

(२) यसअघि अन्य निकायमा दर्ता भई अध्यावधिक रहेका खेलकूद सम्बन्धी संस्थाहरु यस ऐन बमोजिम अभिलेखीकरण एवं नविकरण गर्नु पर्नेछ ।

१४. दर्ताको लागि निवेदन दिनु पर्ने : दफा १३ बमोजिम नाम दर्ता गराउन चाहने खेलकूद सम्बन्धी संस्थाले देहायका कुरा खुलाई परिषद्मा नाम दर्ताको लागि निवेदन दिनु पर्नेछ :-

(क) संस्थानको नाम र ठेगाना,

(ख) सञ्चालन गरिने खेलकूदको विवरण,

(ग) कार्यकारिणी समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि सहितको विवरण,

(घ) विधानको प्रमाणित प्रतिलिपि,

(ङ) कार्यकारिणी समितिको निर्णय ।

१५. नाम दर्ता गर्न सक्ने : (१) दफा १४ बमोजिम नाम दर्ता गराउनको लागि दरखास्त परेमा परिषद्ले एक्काइस दिनभित्र आवश्यक जाँचबुझ गरी त्यस्तो संस्थाको नाम दर्ता गर्न सक्नेछ ।

(२) परिषद्ले उपदफा (१) बमोजिम नाम दर्ता भएमा दर्ता गरिएको सूचना र नाम दर्ता गर्न नसकिने भएमा सोको सूचना सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

१६. विधान संशोधनको सूचना : (१) यस ऐन बमोजिम परिषद्मा नाम दर्ता भएको खेलकूद सम्बन्धी संस्थाले दफा १४ बमोजिम नाम दर्ताको लागि दिएको निवेदनमा उल्लेख भएको व्यहोरा वा निवेदनसाथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु परेको कारण सहितको सूचना एक्काइस दिनभित्र परिषद्लाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि हेरफेर गर्नुपर्ने कारण उचित देखेमा परिषद्ले हेरफेरको व्यहोरा अद्यावधिक गर्नु पर्नेछ ।

१७. हिसाबको श्रेस्ता राख्नु पर्ने : (१) खेलकूद सम्बन्धी संस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता तोकिएको ढाँचामा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकूद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ परिषद्ले जहिलेसुकै गर्न गराउन सक्नेछ ।

(३) समितिले उपदफा (२) बमोजिम खेलकूद सम्बन्धी संस्थाको श्रेस्ताको जॉचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताबमा अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट सरकारी बाँकी सरह असूल उपर गर्न गराउन आवश्यक कारबाही चलाउनेछ ।

१८. निर्देशन दिने : (१) परिषद्ले खेलकूद सम्बन्धी संस्थालाई खेलकूदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकूद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्ले दिएको निर्देशनको पालन नगर्ने खेलकूद सम्बन्धी संस्था वा दफा १७ बमोजिम समितिले तोकिदिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने र रकम हिनामिना गर्ने खेलकूद सम्बन्धी संस्थाको नाम परिषद्ले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले आफ्नो लगतबाट कुनै खेलकूद सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकूद सम्बन्धी संस्थालाई दिनु पर्नेछ ।

(४) खेलकूद सम्बन्धी संघ, संस्थाहरुको खारेज भएमा संघ, संस्थाको चल अचल सम्पत्ति स्वतः प्रदेश सरकार मातहत हुनेछ ।

१९. स्वीकृति लिनुपर्ने : खेलकूद सम्बन्धी संस्थाले अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगिता वा अन्तर्राष्ट्रिय खेलकूद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा प्रदेशमा हुने खेलकूद प्रतियोगिता, अन्तर्राष्ट्रियस्तरको सभा वा सम्मेलनमा अन्य देशको खेलाडी वा अधिकारीलाई आमन्त्रण गर्न प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्नेछ ।

२०. परिषद्को कोष : (१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायको रकम रहनेछ :-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ख) खेलकूद पूर्वाधार उपयोग गर्न दिए बापतको शुल्क,

(ग) खेलकूद सम्बन्धी प्रशिक्षण प्रदान गरे बापतको शुल्क,

(घ) खेलकूद प्रदर्शन गरी आर्जन भएको रकम,

(ङ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायतास्वरुप प्रदान गरेको रकम,

(च) नेपाल सरकारको अनुमतिमा अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम,

(छ) संस्था दर्ता तथा नवीकरण गरे वापत प्राप्त शुल्क र परिषद्को चल अचल सम्पत्तिको प्रयोगबाट आर्जित रकम, र

(ज) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) परिषद्को नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिनेछ ।

(३) परिषद्को कोषमा रहने रकम "क" वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(४) परिषद्को खाता सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२१. सम्झौता गर्दा नेपाल सरकारको स्वीकृति लिनुपर्ने : परिषद्ले आफ्नो कार्य सञ्चालनको सिलसिलामा विदेशी सरकार वा अन्तर्राष्ट्रिय साझेदार वा विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा प्रदेश सरकारको सिफारिसमा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

२२. लेखा र लेखापरीक्षण : (१) परिषद्को आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) परिषद्को आन्तरिक लेखापरीक्षण प्रदेश कोष तथा लेखा नियन्त्रकको कार्यालयले गर्नेछ ।

(३) परिषद्को अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(४) मन्त्रालयले परिषद्को आय व्ययको लेखा, तत्सम्बन्धी कागजात, नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

२३. <u>सदस्यको भत्ता</u> : (१) सदस्यले परिषद्को बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछ ।

(२) सदस्यले परिषद्को काम विशेषले भ्रमण गर्नु परेमा नियमानुसार भ्रमण तथा दैनिक भत्ता पाउनेछ ।

२४. <u>परिषद्को कर्मचारी</u> : (१) परिषद्मा प्रदेश सरकारबाट स्वीकृत संगठन संरचना र दरबन्दी बमोजिमको कर्मचारी रहनेछन् ।

(२) कर्मचारीको नियुक्ति, पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(३) परिषद्ले प्रचलित कानून बमोजिम सेवा करार गरी खेलकूद प्रशिक्षक तथा कर्मचारीहरुलाई काममा लगाउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको कर्मचारी नियुक्त नभएसम्मका लागि परिषद्लाई आवश्यक कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउनेछ ।

२५. <u>अधिकार प्रत्यायोजन</u> : परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार अध्यक्ष, सदस्य-सचिव, सदस्य वा कुनै कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

२६. <u>प्रदेश सरकारले निर्देशन दिन सक्ने</u> : (१) प्रदेश सरकारले खेलकूदको विकास गर्नको लागि परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले दिएको निर्देशनको पालन गर्नु परिषद्को कर्तव्य हुनेछ ।

२७. <u>खेलाडीको व्यावसायिक सुरक्षा:</u> खेलाडीको वर्गीकरणका आधारमा पारिश्रमिक, भत्ता वा अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

२८. <u>सजाय र कारबाही</u> : (१) परिषद्ले कसूरका आधारमा देहाय बमोजिम सजाय गर्नेछ :-

(क) परिषद्ले दिएको निर्देशन पालना नगर्ने खेलकूद विकास समिति वा खेलकूद सम्बन्धी संस्थालाई पहिलो पटक चेतावनी दिने वा चेतावनी सहित पच्चीस हजार रुपैयाँसम्म जरीवाना र सोही कसूर पुनः दोहोऱ्याएमा समिति वा संस्थाको आवद्धता खारेजी गर्न सक्ने,

(ख) कुनै खेलाडी वा खेलाडीको समूह वा प्रशिक्षक वा व्यवस्थापक वा रेफ्रीले खेलको प्रतिस्पर्धाबाट आउने स्वभाविक परिणामलाई प्रतिकूल हुने गरी मिलोमतोमा वा प्रलोभनमा परी खेल खेले वा खेलाएमा देहाय बमोजिमको सजाय हुनेछ :-

(१) प्रदेशस्तरको खेलकूद प्रतियोगिताको हकमा-पच्चीस हजार रुपैयाँ जरीवाना र एक वर्ष खेलबाट प्रतिबन्ध,

(२) राष्ट्रियस्तरको खेलकूद प्रतियोगिताको हकमा- पचास हजार रुपैयाँ जरिवाना र दुई वर्ष खेलबाट प्रतिबन्ध,

(३) अन्तर्राष्ट्रिय स्तरको खेलकूद प्रतियोगिताको हकमा-एकलाख रुपैयाँ जरीवाना तीन वर्ष खेलबाट प्रतिबन्ध,

(४) उपदाफा (१) बमोजिम परिषद्ले गरेको सजाय उपर चित्त नबुझेमा पैतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सकिनेछ ।

२९. प्रशिक्षण प्रतिष्ठान सम्बन्धी व्यवस्था : (१) प्रदेश सरकारले खेलकूदको विकासका लागि प्रदेश खेलकूद विकास प्रशिक्षण प्रतिष्ठान स्थापना गर्न सक्नेछ ।

(२) प्रदेश खेलकूद विकास प्रशिक्षण प्रतिष्ठान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३०. नियम बनाउने अधिकार : यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

३१. निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

३२. प्रदेश सरकारसँग सम्पर्क : परिषद्ले प्रदेश सरकारसँग सम्पर्क राख्दा सामाजिक विकास मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

३३. यस ऐन बमोजिम हुने : यस ऐनमा लेखिएजति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

♦♦♦